**जयपृथ्वी नगरपालिकाको आ.ब. २०७७/०७८ को नीति तथा कार्यक्रम तथा बजेट २०७७ साल आसाढ १० गते**

सर्बप्रथम लोकतन्त्रको लागि सहादत प्राप्त गर्ने सम्पूर्ण शहिद प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु । संघीय लोकतन्त्रको घोषणा संगै संघीयताको ब्यबहारिक कार्यान्वयन पश्चात यो जनप्रतिनिधिमुलक र ऐतिहासिक नगर सभा आव्हानका साथै यस नगरपालिकाको आ.व.२०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसि ब्यक्त गर्न चाहन्छु । आज सम्म यो सुनौलो अवसर प्रदान गर्नु हुने सम्पूर्ण नगरबासि तथा जनप्रतिनिधिमा हार्दिक धन्यबाद दिन चाहन्छु ।
संघियता, लोकतन्त्र तथा जनभावना अनुसार स्थानीय तहको संबैधानिक तथा कानूनी साथै स्थानीय तहमा ब्यबस्थापकीय ,कार्यपालिकीय तथा न्यायिक अंगको पनि संबैधानिक व्यवस्था गरेको छ । जुन सदैब नगर बासीको सेवामा समर्पित रहने बिश्वास दिलाउन चाहन्छु ।

अब म यस आ.ब. को नीति तथा कार्यक्रमा प्रस्तुत गर्न चाहन्छु ,जसमा देहाएका आधार लिएको छु ।

- संबिधानमा व्यवस्था भएका नीति, मार्गनिर्देशक सिदान्त,मौलिकहकहरु,अनिसुची ८ र ९ मा उल्लेखित स्थानीय तह तथा साझा अधिकारका सूचिका बिषयहरु
- स्थानीय सरकार संचालन ऐन २०७४
- अन्तरसरकारी बित्तिय हस्तान्तरण ऐन २०७४
- पन्ध्रौं आवधिक योजना
- दिगो बिकासका लक्षहरु
- स्थानिय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७५
- नेपाल सरकारको आ.ब. २०७७/०७८ को नीति बजेट तथा कार्क्रम
- सुदूरपश्चिम प्रदेश सरकार आ. ब. २०७७/०७८ को बजेट नीति तथा कार्यक्रम
- यस नगरपालिकाबाट विभिन्न समयमा पारित नीति तथा निर्णयहरु

अव यस नगरपालिकाले आगामी वर्षमा अवलम्बन गरिने लक्षित कार्यक्रम देहाय बमोजिम छ ।

१) **आर्थिक विकास**

क ) **कृषि तथा पशुपालन**

- कृषिमा आत्मनिर्भरता अभिबृदी गरिनेछ ।
- कृषि पर्यटनमा जोड दिईनेछ ।
- Organic खेति प्राथमिकतामा राखिनेछ ।
- उन्नत पशुपालनमा महत्व दिइनेछ ।
- पशु बिमा कार्यक्रम निरन्तर संचालन गरिनेछ ।
- पशुपालन **special zone** व्यवस्था गरिने छ ।
- कृर्षिबाली संरक्षणका लागी नोक्सानी नियन्त्रणमा जोड दिईनेछ।
- कृषिमा युबालाई आकर्षित गर्न् अनुदान उपलब्ध गराइनेछ ।
- कृषि सहकारीमा जोड दिइनेछ ।
- किसानको लागि मल बिउ दुवानी अनुदान दिइनेछ ।
- स्थानीय पशु नश्ल सुधारमा अनुदान दिइनेछ ।
- कृषि यान्त्रीकरणको अनुदानलाई निरन्तरता दिइनेछ ।

ख ) **उद्योग तथा बाणिज्य**

- नगर क्षेत्रमा औद्योगिक बिकाशको लागि E-System लागु गरिने छ ।
- सहकारी निजि सझेदारि उद्योगमा जोड दिईनेछ ।
- कृषि पशु उद्योगमा प्रथामिकता दिईनेछ ।
- समुदायको सीपमा आधारित उद्योग स्थापनामा जोड दिईनेछ ।
- बेरोजगारीका लागी सिपमुलक ,व्यवसायिक तथा उद्यमशिल तालिमको व्यवस्था गरिनेछ ।

ग ) **संस्कृति तथा पर्यटन**

- आन्तरिक तथा बाह्य पर्यटनमा जोड दिइनेछ ।
- पर्यटकीय सम्भावना तथा सुबिधाको खोजि तथा स्तरोन्नती गरिने छ ।

- नगर भित्रका एतिहासिक तथा धार्मिक स्थल भाषा ,धर्म ,संस्कृतिको संरक्षण र सम्बर्धन गरिनेछ ।
- सम्भावित पर्यटकीय क्षेत्रको पहिचान गरि बिकाश समिति मार्फत मौलिक प्रबर्धन गरिनेछ ।

घ) **सहकारी**

- सहकारी बचत तथा लगानीमा जोड गरिनेछ ।
- महिला सहकारीमा प्राथमिकता दिइनेछ ।
- सहकारिताबाट आयआर्जन अभिबृदी गरिनेछ ।
- कृषि सहकारी मार्फत कृषि लगानीमा जोड दिइनेछ ।

ङ) **वित्तीय**

- बचत अभिबृदीको लागि एक व्यक्ति एक खातामा प्रोत्साहन गरिने छ ।
- वित्तीय अनुशासन र शिक्षा जोड दिइनेछ ।
- वित्तीय पहुँच अभिबृदी गरिनेछ ।
- एक खाता एक परिवार मार्फत बचत अभिबृदी गरिनेछ ।

२) **सामाजिक विकास**

**क) शिक्षा**

- सामुदायिक विद्यालयको गुणस्तरमा जोड दिइनेछ ।
- शिक्षा क्षेत्रको जनशक्तिको क्षमता अभिबृदि गरिनेछ ।
- शैक्षिक अनुभवको आदानप्रदान गरिनेछ ।
- साक्षार नगरपालिका घोषणा गरिनेछ ।
- बिद्यालय समायोजनमा प्रभावकारिता ल्याइनेछ ।
- किशोरकिशोरी परामर्स,यौन तथा प्रजनन सूचना केन्द्र स्थापना गरिनेछ ।
- बिद्यालयमा किशोरी महिनावारी सरसफाईमा जोड गरि निशुल्क स्यानिटरी प्याड वितरण गरिनेछ ।

- शिक्षक दरबन्दी र बिद्यार्थी अनुपात मिलान गरिनेछ ।
- दलित तथा जेहेनदार विद्यार्थीलाई छात्रबृती दिईनेछ ।

ख) **स्वास्थ्य**

- स्वस्थ नगरपालिका विकास गरिनेछ ।
- नगर अस्पतालको बिकास गरिनेछ ।
- नगर प्रमुख स्वास्थ्य बिमा संचालन गरिनेछ ।
- संस्थागत सुत्केरी सुविधामा विस्तार गरिनेछ ।
- महामारी नियन्त्रण स्वास्थ्य कोषको स्थापना गरिनेछ ।
- कोरोना नियन्त्रणको लागि बिशेस कोष स्थापना गरि सबै सरकारी तथा गैर सरकारी निकाय संग समन्वय तथा सहकार्य गरिनेछ ।
- बर्थिंङ सेन्टरको संख्यात्मक विस्तार गरिनेछ ।
- योग शिक्षा जोड गरिनेछ ।
- आयुर्वेदिक सेवाको विस्तार गरिनेछ ।
- बहुउदेश्यिय पोषणलाई एकिकृत रुपमा अगाडि बढाइनेछ ।
- जेष्ठ नागरिक ,असहाय ,अपाङ्गको उपचारमा बिशेष सुबिधा गरिनेछ ।
- परम्परागत उपचार तथा आयुर्वेदिक सेवालाइ निरन्तरता दिदै सो सेवा प्रभावकारी बनाइनेछ ।

ग) **खानेपानी तथा सरसफाई**

- स्वच्छ नगरपालिकाको बिकास गरिनेछ ।
- फोहोरमैलाको बैज्ञानिक ब्यबस्थापन गरिनेछ ।
- साना सहरी खानेपानीको ब्यबस्थित बिकास गरिनेछ ।
- स्वस्छ तथा खानेपानी मुहान संरक्षणमा जोड दिइनेछ ।
- शहरी ढल निकासको व्यवस्था गरिनेछ ।
- साना सहरी खानेपानी आयोजना छिटो सम्पन्न गरिनेछ ।

- Damping Site निर्माण गरिनेछ ।
- एक घर एक धाराको नीति अबलम्बन गरिनेछ ।

घ) **युवा तथा खेलकुद**

- स्वास्थ्यका लागी खेलकुदको बिकास गरिनेछ ।
- नगर प्रमुख खेलकुदको निरन्तरता दिइनेछ ।
- खेल तथा खेलाडीको जिबन सुरक्षामा प्राथमिकता दिईनेछ ।
- युवा नेतृत्व बिकास गरि नगर विकासमा युवाको क्षमता उपयोग गरिनेछ ।
- युवा समृदी तथा स्व-रोजगार कार्यक्रम संचालन गरिनेछ ।
- खेलकुदका लागी युवा संजाल गठन गरिनेछ ।
- नगर युवा समिति र नगर खेलकुद समिति गठन गरि परिचालन गरिनेछ ।

ङ) **सामाजिक सुरक्षा**

- सामाजिक सुरक्षा भत्ता वितरणमा व्यवस्थित गरिनेछ ।
- लैंगिक हिंसाको अन्त्य गरिनेछ ।
- हिंसा प्रभावित महिलाको संरक्षणको लागि महिला सेफ हाउसको व्यवस्था तथा जिल्ला स्थित राष्ट्रीय तथा अन्तराष्ट्रीय विकास साझेदार र अन्तर स्थानीय तह समन्वय गरिनेछ ।
- लैंगिक उत्तरदायी बजेटमा जोड दिइनेछ ।
- कुरीति कुसंस्कारको अन्त्यको लागि आर्थिक सामाजिक सशक्तिकरणमा जोड गरिनेछ ।
- लैंगिक तथा महिला हिंसा प्रभावितलाई न्यायमा पहुच अभिबृदी गर्न सुरक्षित आवास गृह संचालन तथा ब्यबस्थापन गरिनेछ, मनोसामाजिक परामर्स तथा सचेतनामुलक कार्यक्रम सन्चालन गरिनेछ ।

- महिला हिंसा राहत कोषको स्थापना गरिनेछ ।
- अनाथालय तत्काल संचालन गरिनेछ ।
- ५०-७० ननाघेका कुनै किसिमका भत्ता नपाउने एकल जेष्ठ पुरुषलाइ सामाजिक सुरक्षा भत्ता उपलब्ध गराईनेछ ।
- बाल बिबाह मुक्त नगरपालिका घोषणा गरिनेछ ।
- सार्बजनिक सेवामा प्रवेशको लागि महिला सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ।
- हिंसा प्रभावित महिलाको उपचार तथा जीविकोपार्जनको लागि सहयोग गरिनेछ ।
- सबै किसिमका भेदभावको अन्त्यको लागि पहल गरिनेछ ।
- दलितका परम्परागत सिप स्रोतको संरक्षण प्रवर्दन गरिनेछ ।

## ३) पूर्वाधार बिकास

### क) सडक

- सबै वडा जोड्ने सडकको स्तरोन्नति गरिनेछ ।
- बाताबरण मैत्री सडकको बिकास गरिनेछ ।
- सडक सुरक्षामा जोड दिइनेछ ।
- जिल्ला स्थित अन्तर तह सडकको लिंकेज गरिनेछ ।
- शहर उन्मुख क्षेत्रमा शाखा सडकको विस्तार गरिनेछ ।
- वसपार्कको निर्माण गरि तत्काल सन्चालनमा ल्याईनेछ ।

### ख) सिंचाई

- सदाबहार सिंचाईको व्यवस्था गरिनेछ ।
- सेती नदि लिफ्टिंग सिंचाईको बिकास गरिनेछ ।
- समुदायमा आधारित सिंचाई पुर्बाधार संरक्षण गरिनेछ ।
- भान्छा करेसा सिंचाईको प्रबन्ध गरिनेछ ।

### ग) भवन तथा शहरी विकास

- घर नक्शा पास अनिबार्य गरिनेछ ।
- भवन निर्माण राष्ट्रिय मापदण्डको अनिबार्य लागु गरिनेछ ।
- नक्सापास बिनाका घर अभिलेखिकरण नियन्त्रण गरिनेछ ।
- मौलिक बस्तीको बिकास गरिनेछ ।
- खरमुक्त जलबायु अनुकुल भवनको बिकास गरिनेछ ।
- बिद्यालय भवन पहिचानमा एक रुपता ल्याइनेछ ।

### घ) संचार

- संचार प्रबिधिको बिकास र बिस्तारमा स्तरोन्नति गरिनेछ ।
- सामाजिक संजालको दुरुपयोग नियन्त्रण र बौद्धिक बिकासको माध्यमको रुपमा बिकास गरिनेछ ।

### ङ) बैकल्पिक उर्जा तथा साना जल बिद्युत सहित

- उर्जा बिकास तथा विस्तारमा जोड गरिनेछ ।
- उर्जाको बहु उपयोग गरिनेछ ।
- परम्परागत उर्जालाइ  ब्यबस्थित गरिनेछ ।
- अध्यारो मुक्त नगरपालिका घोषणा थालनी गरिनेछ ।
- राष्ट्रिय बिद्युत प्रसारणमा थप पहल गरिनेछ ।

## ४) बन,बाताबरण तथा विपद ब्यबस्थापन

### क) बन वातावरण

- स्थानीय तथा निजि बनको ब्यबस्थापन गरिनेछ ।
- राष्ट्रिय नीति अनुसार बनको संरक्षण गरिनेछ ।
- बनको बहु-उपयोगमा जोड गरिनेछ ।
- सामुदायिक बन बिकासमा समन्वय गरिनेछ ।

- निजि बनलाई व्यवस्थित गर्दे आय आर्जनको माध्यम बनाईनेछ ।

ख) **जलबायु परिवर्तन**

- जलबायु परिबर्तन शिक्षामा जोड गरिनेछ ।
- जलबायु अनुकुलन मानब जिबनको बिकास गरिनेछ ।

ग) **विपद ब्यबस्थापन**

निम्न बिषयमा निरन्तता दिईनेछ ।

- बिपद ब्यबस्थापन बारे जनचेतना फैलाइनेछ ।
- विपद व्यवस्थापन पूर्व तयारीमा जोड दिईनेछ ।
- विपद ब्यबस्थापन नगर कार्य योजना तयार गरिनेछ ।
- बाढी पहिरो नियन्त्रण ,सेती नदि नियन्त्रण बाहुली खोला नियन्त्रणको लागी बिषेश पहल गरिने छ ।
- विपद ब्यबस्थापन नगर कार्य योजना निर्माण गरिनेछ ।
- विपद जोखिम न्यूनीकरणमा जोड गरिनेछ ।

५) **संस्थागत विकास सेवा प्रवाह र सुशासन**

क) मानव संसाधन विकास

- रिक्त पद पूर्तिको व्यवस्था मिलाइनेछ ।
- संगठन तथा ब्यबस्थापनमा पूर्णता दिईनेछ ।
- कर्मचारी क्षमता बिकासमा जोड दिईनेछ ।
- प्रबिधि मैत्री मानब संसाधनमा प्राथमिकता दिईनेछ ।

ख) **सुरक्षा ब्यबस्थापन**

- समुदाय मैत्री भावनाको बिकास गरिनेछ ।
- संघीय सुरक्षा निकाय संगको समन्वयको बिकास गरिनेछ ।
- नागरिक साझेदारितामा बल गरिनेछ ।
- ई-अभिलेख तयार गरिनेछ ।
- आर्थिक ,सामाजिक सास्कृतिक बातावरण सुरक्षामा जोड गरिनेछ ।

ग) **सूचना तथा प्रबिधि**

- सूचना प्रबिधि हबको बिकास गरिनेछ ।
- ई-लिटिरेसी लागु गरिनेछ ।
- प्रविधिको दुरुपयोग नियन्त्रण गरिनेछ ।
- प्रत्येक वडामा इन्टरनेट सुबिधाको बिस्तार गरिनेछ ।
- कार्यलयको सेवा प्रवाहलाई प्रविधि मैत्री बनाईनेछ ।
- नगरपालिकाको ओपन डाटा पोर्टल,मोबाईल एप्लिकेशन र मेशेजिङ सिष्टमलाई निरन्तरता दिईनेछ ।

घ) **वित्तीय जोखिम तथा आन्तरिक नियन्त्रण**

- बेरुजु नियन्त्रण गरिनेछ।
- आन्तरीक नियन्त्रण प्रणालीमा सुधार गरिनेछ।
- वित्तीय जोखिम न्यूनीकरण गरिनेछ।

ङ) **तथ्यांक संकलन**

- एकीकृत तथ्यांकको बिकास गरिनेछ ।
- जयपृथ्वी नगरपालिकाको डाटा संकलन एप्सको बिकास गरिनेछ ।
- बेरोजगारी तथ्यांकलाई ब्यबस्थित गरिनेछ ।
- नगर पाश्वचित्र तयार गरिनेछ ।
- नगर गुरु योजना तयार गरिनेछ ।

### ७) बिबिध

- नगर मेघा परियोजनामा साझेदारिता निर्माण गरिने छ ।
- नगर यातायात गुरु योजना तयारी गरिनेछ ।
- मित्रराष्ट्रका कुनै नगरपालिका सँग भगिनि सम्बन्ध स्थापना गरिनेछ।

### मिति २०७७ /०३/१० गते नगरपालिकाको नगर सभामा प्रस्तुत गर्नु भएको बजेट बक्तव्य

नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य राष्ट्रसेवक कर्मचारी तथा बिकास साझेदार र संचारकर्मी मित्रहरू,यस नगरपालिकाको गरिमामय सभामा निर्बाचित भए देखि तथा आगामी आर्थिक वर्ष ०७७/०७८ को लागि बजेट प्रस्तुत गर्ने जिम्मेवारी पाउँदाको ऐतिहासिक अवसरलाई महत्वपुर्ण ठानेकी छु । बिगत ३ बर्ष देखि स्थानीय तहको आजका मिति सम्म नगरपालिकाको आर्थिक,सामाजिक तथा भौतिक बिकासमा टेवा दिने सभाका सबै सदस्यहरूलाई सहृदय धन्यबाद दिदै बाँकि कार्यकाल सफल ,सुनौलो र जनप्रिय बनोस भन्ने शुभ-कामना व्यक्त गर्दछु ।

साथै प्रजातन्त्र, लोकतन्त्र गणतन्त्र देखि संघियता प्राप्ति लागि भएका विभिन्न ऐतिहासिक जनआन्दोलनहरूमा ज्यानको बाजी लगाउने सम्पूर्ण ज्ञात,अज्ञात महान सहिदहरूप्रति हार्दिक श्रद्दान्जली अर्पण गर्दछु । शहिदहरूको सपना पूरा गर्ने यस महत्वपुर्ण घडीमा तपाईं हामी सबैलाई उत्साह र जनमाया मिलोस भन्ने कामना समेत गर्न चाहन्छु ।

सुदुरको सुन्दरता र गौरव बोकेको यस नगरपालिकाले उपलब्ध साधन श्रोतको प्रभावकारी रूपमा उपयोग गर्न सक्ने हो भने केहि वर्षहरूमा यस नगरपालिकालाई एक समृद नगरपालिका बनाउन सकिने प्रशस्त सम्भावनाहरु रहेका छन् ।जसमा आयका सम्भावनाको अभिबृधिका कदम चालिन जरुरी छ।

यसका लागि नगरपालिका अन्तर्गत क्रियाशिल सम्पूर्ण राजनीतिक दल तथा आम सर्वसाधारण लगायत सबै सरोकारवालाहरूको ध्यान जान जरूरी रहेको कुरा यसै सभा मार्फत् अनुरोध गर्न चाहन्छु । साथै जनअपेक्षा मात्रै नभई कोविड-१९ प्रभाव अझै बढ्दो क्रममा छ । यस परिस्थितिमा नगर सभाका सदस्यज्यूहरू अझ बढी जिम्मेवार र संवेदनशिल हुन जरूरी भएको छ ।

अव म चालू आर्थिक वर्षमा यस नगरपालिका अन्तर्गत कार्यान्वयन भएका विकास निर्माणका योजना तथा कार्यक्रमहरूको संक्षिप्त विवेचना गर्न चाहन्छु ।

- नगरपालिका ठुला योजना कार्यान्वन अन्तिम चरणमा रहेका छन् ।
- उपभोक्ता समिति बाट हुने कार्य लगभग सम्पन्नको चरणमा छन् ।
- वडा कार्यालय तथा शहरी स्वाश्थ्य संस्था हरु सम्पन्न हुदै हस्तान्तरणको चरणमा छन ।
- संघिय र प्रदेश समपुरक र बिशेष अनुदानका योजना कार्यान्वयनको चरणमा छन ।

<u>मूलतः चालु आर्थिक वर्षको योजना कार्यान्वयनमा देहाय बमोजिमका व्यवधानहरू रहन गए:</u>

- केहि कानुनी जटिलता रहनु ,
- प्राविधिक जनशक्तिको अभाव हुनु ,
- भौगोलिक कठिनाई ,
- सामग्रीको कमजोर उपलब्धता ,
- कोविड –१९ को प्रभाव र लक डाउन जारि रहनु ,

आउँदा दिनहरूमा उल्लिखित बमोजिमका कमिकमजोरी र प्रभावको न्यूनीकरण गर्दै प्रभावकारी रूपमा आयोजना तथा कार्यक्रमहरूको व्यवस्थापन गर्न जरूरी रहेको कुरा समेत यस गरिमामय सभामा पेश गर्न चाहन्छु ।

अब म आगामी आर्थिक वर्षको लागि योजना तथा कार्यक्रमहरूको तर्जूमा गर्दा अपनाइएका मुख्य मुख्य विधिहरूको यहाँहरू समक्ष संक्षेपमा विवेचना गर्न चाहन्छु ।

नेपालको केन्द्रीकृत शासन व्यवस्थालाई संघीय शासन व्यवस्थामा रूपान्तरण गर्ने गरी नेपालको संविधान जारी भई लागू भएको हामीहरू सबैलाई विदितै छ । सोहि मर्म अनुसार अगाडी बढ्नु आजको आबश्यकता हो । स्थानीय सरकारहरूको गठन पश्चात यहि आषाढ महिना १० गते भित्र स्थानीय सरकारहरूले आगामी आर्थिक वर्षका लागि नीति, योजना तथा कार्यक्रमरू आ-आफ्नो सभामा पेश गरि पारित गराउनु पर्ने कानूनी व्यवस्थाको सम्मान गर्नु पनि उतिकै आबश्यक छ ।

आगामी आर्थिक वर्षका लागि वस्तीस्तरबाट योजना तथा कार्यक्रमहरू तयार भई वडा समितिहरूले ती योजना तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जूमा समितिमा पठाउने व्यवस्था मिलाइएको छ । सो कार्य पूर्व नगरपालिकाले संघीय र प्रदेश सरकारबाट यस नगरपालिकालाई आगामी आ.व. को लागि सिलिङ उपलब्ध गराएको थियो । उप- प्रमुखको संयोजकत्वमा रहेको राजश्व परामर्श समितिबाट करका दरहरू सहित आगामी आर्थिक वर्षका लागि आन्तरिक आय रु. ७९ लाख ६३ हजार प्रक्षेपण भएको छ । श्रोत अनुमान समितिको आन्तरिक आय प्रक्षेपण तथा संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङको दायरामा रही नगरपालिकाका प्रमुखको संयोजकत्वमा रहेको श्रोत अनुमान तथा सीमा निर्धारण समितिले आगामी आर्थिक वर्षका लागि कूल सिलिङ रु. ५२ करोड ९३ लाख २४ हजार ९सय ५०निर्धारण गरेको छ । नगर कार्यपालिकामा बजेट निर्माणका लागि विभिन्न विषयगत समितिहरू तथा विषयगत/ क्षेत्रगत समितिहरूको निरन्तरता कायमै छन् । वडा स्तरबाट प्राथमिकीकरण गरि पठाएका योजनाहरूलाई कार्यपालिका अन्तर्गतका विभिन्न समितिमा छलफल गरी नगर कार्यपालिकाको बैठकबाट आगामी आर्थिक वर्षको लागि बजेट तर्जूमा गरी कार्यपालिकाको बैठकबाट पारित भई पारितका लागि आजको यस सभामा पेश गरिएको छ ।

अव म चालू आर्थिक वर्ष समाप्ति हुनै लाग्दा यस आर्थिक वर्षको संशोधित खर्च विवरण पेश गर्ने अनुमति चाहन्छु । चालू आर्थिक वर्षमा नगरपालिकाको संशोधित अनुमान ५७ करोड ६८ लाख ८६ हजार ६ सय ८७ बजेटमा चालू खर्च रू ३२ करोड ३७ लाख ८८ हजार ६०० र पूजीँगत तर्फ रू. २५ करोड ३० लाख ९८ हजार मध्ये चालु तर्फ २४ करोड ९२ लाख ४८ हजार र पुँजीगत ८ करोड १२ लाख ४ हजार खर्च भई जम्मा रकम रू ३३ करोड ४ लाख ५२ हजार खर्च भैसकेको छ जुन कुल अनुमानको ५७.२८ प्रतिशत खर्च हुन आउछ ।

चालु आ.ब. को बजेटमध्ये खर्च हुन नसकेको ससर्त बजेट फ्रिज गरी नेपाल सरकारको संचित कोषमा र अन्य रकम नगरपालिकाको संचित कोषमा जम्मा हुने व्यवस्था मिलाईएको छ । चालु बर्षमा सम्पन्न हुन नसकेका योजना तथा कार्यक्रम क्रमागत रुपमा सम्पन्न को लागि निरन्तरता दिएको छु ।साथै आधारभूत स्वास्थ्य चौकी र वार्ड कार्यालय लाइ सम्पन्न गर्ने पर्यत्नरत छौ ।स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम (संघिय सासद कोष )ब्लड बैंक ,भण्डार सडक लगायतका योजना यसै बर्ष सम्पन्न भएका छन् ।यस कार्यक्रम सहयोग गर्ने संघीय सांसद मा. भैरव ब. सिंह लाइ हार्दिक धन्यवाद दिन चाहन्छु ।
अव म आगामी आर्थिक वर्षका लागि योजना तथा कार्यक्रमहरूको तर्जूमा गर्दा लिइएका आधारहरूलाई यस सभा समक्ष पेश गर्न चाहन्छु ।
जसमा आगामी आर्थिक वर्ष २०७७ /७८ को योजना तथा कार्यक्रमहरू तयार गर्दा निम्नानुसारका आधारहरू लिइएको छन्।

- नेपालको संविधान
- संघीयताको मर्म
- पन्ध्रौ आवधिक योजना
- दिगो बिकाशका लक्ष्य
- संघिय र प्रदेश सरकारका नीति बजेट तथा कार्यक्रम
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयले बजेट तर्जूमा सम्बन्धमा जारी गरेका निर्देशिकाहरू , निर्णयहरू ,निर्देशनहरु
- स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७५
- संघिय र प्रदेश सरकारका आ.ब. २०७७/०७८ का नीति ,बजेट तथा कार्यक्रम
- बजेट तर्जूमा सम्बन्धमा यस नगरपालिकाबाट जारी भएका निर्णयहरु

अव म यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०७७ /७८ को लागि अनुमानित बजेट पेश गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्षको लागि अनुमानित कूल बजेट रू. ५२ करोड ९३ लाख २४ हजार ९ सय ५० खर्च हुने प्रारम्भिक अनुमान छ । जस मध्ये संघीय सरकारबाट वित्तीय समानीकरण अन्तर्गत प्राप्त १२ करोड ७२ लाख , संघीय सरकारबाट प्राप्त सशर्त अनुदान तर्फ कूल २५ करोड ४७ लाख , संघीय समपुरक १ करोड ३९ लाख ,संघीय बिशेस अनुदान १` करोड ६० लाख ,संघीय राजश्व

बाँडफाँडमा ७ करोड ८४ लाख ७४ हजार ९ सय ५० प्रदेश सरकारबाट  वित्तीय समानीकरण ६९ लाख ६२  हजार ,प्रदेश  राजश्व  बांडफांड १८ लाख ११ हजार ,प्रदेश सरकारको बिशेस अनुदान ७० लाख,समपुरक अनुदान १ करोड ५३ लाख १४ हजार र नगरपालिकाको  आन्तरिक आयश्रोत तर्फ ७९ लाख ६३  हजार अनुमान गरिएको छ ।

आगामी आर्थिक वर्षका लागि चालू खर्च तर्फ कूल ७  करोड ८४  लाख  ७४ हजार ९ सय ५० प्रस्ताव गरेको छु । यस मध्येबाट नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण कर्मचारीहरूको  संघिय सरकारले कायम गरेको तलबमान सहित थप प्रोत्साहन तलब तथा भत्ता र सोहि अन्तर्गत कार्यालय सञ्चालन खर्च प्रस्ताव गरिएको छ । चालू खर्च तर्फ नै निर्वाचित जनप्रतिनिधीहरूको लागि सेवा सुबिधा  समेत प्रस्ताव गरिएको छ । ।

आगामी आर्थिक वर्षका लागि कूल पूँजीगत खर्च संघिय वित्तीय समानीकरण रू. १२  करोड ७२  लाख, संघ र प्रदेश बाट प्राप्त समपुरक २ करोड ९२ लाख १४ हजार र बिशेस अनुदान  २ करोड ३० लाख र प्रदेश राजश्व बांडफांड १८ लाख ११ हजार प्रदेश वित्तीय समानीकरण ६९ लाख ६२  हजार र आन्तरिक बचत बाटको रकम समेत प्रस्ताव गरिएको छ । त्यसै गरि आगामी आर्थिक वर्षका लागि सबै  वडाहरूको लागि जम्मा रकम रु.३ करोड ४१ लाख ९० हजार बिनियोजन गरियको छ र प्रत्येक  वडा समितिले प्रस्ताव गरी पठाइएका आयोजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका आधारमा  प्रस्ताव गरिएको छ । जनस्तरबाट छनौट भई आएका तर आगामी आर्थिक वर्षका लागि वजेट विनियोजन हुन नसकेका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका आधारमा प्रदेश सरकार तथा संघीय सरकारमा सिफारिस साथ पठाउने व्यवस्था मिलाईएको छ । प्रत्येक वडा स्तरबाट सिलिङ बमोजिम  सिफारिस भई आएका योजनाहरूको नामावली अनुसूचीमा उल्लेख गरिएको छ ।

अब म क्षेत्रगत बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१)बिषयगत क्षेत्र**

यस नगरपालिका मुलतः कृषि प्रधान नै हो । स्वदेशिने नागरिकको संख्या उलेख्य रहेको छ । कृषिमा जति लगानी वढाउन सकिन्छ, उतीनै जनताले प्रत्यक्ष लाभान्वित हुने मौका पाउँदछन् । स्वदेशियका दाजुभाइको रोजगारीको सम्भावनामा पनि यसैमा छ ।आगामी आर्थिक वर्षमा यस नगरपालिकाको कृषि क्षेत्रमा  ६० लाख  बजेट विनियोजन गरेकी  छु । जसबाट कृषि क्षेत्रको बिकासमा टेवा पुग्नेछ । बिषयगत रुपमा  महिला बिकाशमा १५ लाख स्वास्थ्य मा ५० लाख ,शिक्षामा ५० लाख ,पशु बिकाशमा १५ लाख ,सूचना प्रबिधि र  न्यायिक  निरोपणका लागि  १२ लाख गरि जम्मा २ करोड २ लाख बजेट संघीय वित्तीय समानीकरणबाट बिनियोजन गरिएको छ ।

**२)कोविड-१९ कोष**

१ करोड बिनियोजन गरिएको छ ।

**३)समपुरक कोष**

१ करोड ५० लाख  बिनियोजन गरिएको छ  ।

४) नगर पूर्वाधार बिकास

**वित्तीय समानीकरणबाट**

डम्पिंग site निर्माणको लागि प्रदेश समपुरक सहित रु ३० लाख रकम बिनियोजन गरिएको छ ।खुड्चुन कुलो निर्माणको लागि रु. ३० लाख रकम बिनियोजन गरिएको छ ।मनोज- झपेन्द्र स्मृति भवन निर्माणको लागि रु.१० लाख बिनियोजन गरिएको छ ।नगरपालिका सभा हल निर्माणको लागि २० लाख खर्च गरिनेछ ।लौठिछडा खानेपानी निर्माणमा ४० लाख खर्च गरिनेछ ।दलित नगर स्तरीय भवन को लागि १० लाख र दलित सामुदायिक भवन बस्टी वार्ड न. ५ मा रु.५ लाख खर्च गरिनेछ ।अनाथालय ,अपाङ्गको लागि पनि आबश्यक बजेट बिनियोजन गरिएको छ । चैनपुर योगा भवन निर्माणको लागि १५ लाख रकम छुटट्याइएको छ ।भैरव आधारभूत बिद्यालय भवन मर्मत ६ लाख बिनियोजन गरिएको छ ।खोलामोरा - ढाक्रेखोला तटबन्ध निर्माण र निकासको लागि २० लाख बिनियोजन गरिएको छ ।सिल्केडाँडा — चुनापानी सडक ट्र्याक खोल्न १० लाख खर्च गरिनेछ । आगामी आर्थिक वर्षदेखि चैनपुर वजारमा व्यवस्थित बसपार्क योजना प्रारम्भ गरिनेछ । ।यसका लागि प्रदेश समपुरक सहित रू. ३५ लाख ९२ हजार बजेट विनियोजन गरिएको छ । वजारको फोहोर व्यवस्थापनको लागि १० लाख ६० हजार बजेटको प्रवन्ध मिलाइएको छ । यी सबै योजना,कार्यक्रम सहित थप बिकास योजना र कार्यक्रमको लागि २ करोड ५० लाख बिनियोजन गरिएको छ ।

**५)संघिय बिशेस अनुदानका योजना**

कैलाश स्वास्थ्य चौकी कम्पाउण्ड निर्माण ५० लाख ,मड खानेपानी निर्माण ६० लाख ,बाल आश्रम कम्पाउण्ड निर्माण ५० लाख गरि १ करोड ६० लाख बिनियोजन गरिएको छ ।

**६)संघिय समपुरक अनुदानका योजना**

देवल खेल मैदान ७१ लाख ,पानकोट नगरकोट राजकोट मोर्तोली सडक स्तरोन्नति कार्य ६८ लाख गरि १ करोड ३९ लाख बिनियोजन गरिएको छ ।

**७)प्रधानमन्त्रि रोजगार कार्यक्रम**

यस अन्तर्गत चालु खर्च १३ लाख ३० हजार र पुँजीगत तर्फ ५१ लाख ७० हजार गरि जम्मा ६५ लाख बिनियोजन गरिएको छ ।

**८) प्रदेश समपुरक अनुदानका योजना**

सिद्धमनाना , गोरेपाटन,चुलिटिका पदमार्ग र भ्यु टावर को लागि ८८ लाख २२ हजार र ५ नम्बर वार्ड कार्यालय निर्माण २४ लाख बसपार्क ,डम्पिंग site निर्माण समेत गरि १ करोड ५३ लाख १४ हजार बिनियोजन गरिएको छ ।

**९) प्रदेश बिशेष अनुदानका योजना**

निर्मित संरचनाको दिगोपनको लागी ज.न.पा. १ वार्ड कार्यालय घेरबार १० लाख ,ज.न.पा.-२ स्वास्थ्य संस्था घेरबार १५ लाख ,क्रमागत योजनामा महिला सुरक्षित आबास निर्माणको लागि ३३ लाख ,सुबेडा कालाढुंगा पोली हाउस निर्माणको लागी १२ लाख गरि जम्मा ७० लाख बिनियोजन गरिएको छ ।

**१०)लक्षित कार्यक्रम**

महिला सुरक्षित आबास ब्यबस्थापन १० लाख ,अनाथालय तथा बालबालिका ब्यबस्थापन ५ लाख , महिला उत्थान कार्यक्रम १५ लाख ,अपाङ्ग सशक्तिकरण १ लाख ,एकल जेष्ठ नागरिक(५० देखि ७० सम्म ) सामाजिक सुरक्षा ३ लाख ,सहकारी प्रवर्दनमा ३ लाख ,होजियारी सिपमुलक कार्यक्रम ४ लाख ,समतामुलक समाज निर्माणको लागि ४ लाख महिला मुक्ति अभियान को लागि २ लाख गरि जम्मा ४७ लाख बिनियोजन गरिएको छ ।

**११) युवा तथा खेलकुद**

युबा तथा खेलकुद बिकासमा १० लाख ,युवा नगर विकास समिति ४ लाख ,मेयर कपको लागि ५ लाख गरि जम्मा १९ लाख बिनियोजन गरिएको छ ।

**१२) बिबिध**

नगर पालिकाको विस्तृत पार्श्व चित्र नगर E-Profile निर्माणको निरन्तर गर्न १४ लाख १३ हजार वजेटको व्यवस्था गरिएको छ । व्यक्तिगत घटना बिबरण ब्यबस्थित गर्नको लागि ससर्त अनुदान सहित २९ लाख बिनियोजन गरेकी छु ।

**१३)नगरपालिकाको दायित्व मा रहेका कोष**

कर्मचारी कल्याण कोषमा २५ लाख ,वातावरणीय कोषमा १ लाख , विपद ब्यबस्थापन कोषमा १६ लाख ,महिला सुरक्षित तथा लैंगिक समता कोषमा ३ लाख जम्मा ४५ लाख र अन्य मर्मत सम्भार कोष,मानब संशाधन बिकास कोष,महिला बालबालिका बिशेस कोष , बातावरण विकास कोष ,गरिबी निवारण कोष कृषि बिकाश कोष ,सडक नाटक ,बिद्यालय पाश्वचित्र निर्माण बाल बिबाह दुरव्यवहार सम्बन्धि ड्रामेटिक पी.एस.ए. निर्माण समग्र नगरपालिकाको डकुमेन्ट्री निर्माण,बालमैत्री स्थानीय सुशासन संचालन ,अडियो निर्माण तथा परामर्श सेवा खानेपानी ट्याङ्की, खातीवाडा ,कनेडी खानेपानी तथा पोखरी निर्माणको लागी जिम्मेवारी सरि आउने बचत बजेटबाट आबस्यक रकमको व्यवस्था गरिनेछ ।

**१४) सामाजिक विकास युनिसेफ र बहुक्षेत्रीय पोषण तथा बिकाश साझेदार सहायता**

युनिसेफ सहायता तर्फ स्वास्थ्यमा ११ लाख ५० हजार ,बाल संरक्षणमा ४ लाख ४४ हजार २ सय, खानेपानी तथा सरसफाईमा १६ लाख , विपद ब्यबस्थापनमा ३ लाख सामाजिक निति तथा सुरक्षा १ लाख ७० हजार गरि जम्मा ३६ लाख ६४ हजार २ सय र बहु क्षेत्रीय पोषणमा १४ लाख १८ हजार बिनियोजन गरिएको छ । बिकास साझेदार संस्था साहारा नेपालको सहायता ८ लाख ५२ हजार ५ सय समेत बजेटमा समाबेस गरिएको छ ।

<u>**सभाका अध्यक्ष महोदय**</u>

नगरपालिकाको सेवाप्रवाह तथा विकास निर्माणको गतिलाई छिटो छरितो र जनमुखी बनाउनको लागि कार्यालय व्यवस्थापन एक महत्वपूर्ण अवयव हो । आगामी आर्थिक वर्षको प्रारम्भमै जनतालाई अनुभूति हुने प्रकारले सबै वडा कार्यालयहरूलाई व्यवस्थित बनाई आफ्नै वडा कार्यालयबाट सेवा प्रबाह आरम्भ गरिनेछ । तसर्थ वडा कार्यालयको निर्माणाधिन भवनको कार्य सम्पन्नता शिघ्रता दिईनेछ ।

आगामी आर्थिक वर्षका लागि  संघीय सशर्त अनुदान तर्फ कूल रू २५ करोड ४७  लाख प्रस्ताव गरिएको छ । यस रकम मध्येबाट शिक्षामा  १८ करोड ९८ लाख , स्वास्थ्यमा  ३ करोड ३० लाख ,कृषि तथा पशुविकासमा ४५ लाख  ,जलस्रोतमा ८२ लाख , बैकल्पिक उर्जा तर्फ१२ लाख, उद्यमसिलता विकासमा ३९ लाख, झोलुंगे पुल निर्माणमा ३३ लाख  सहित सो  अन्तर्गतका विभिन्न कार्यक्रमहरूको प्रस्ताव गरिएको छ । सो सम्बन्धी विस्तृत विवरण अनुसूचीमा संलग्न छ । यस शीर्षक अन्तर्गतको बजेट सशर्त अनुदान तर्फको भएको र सो सम्बन्धी प्रस्तावित कार्यक्रम अर्थ मन्त्रालयबाट प्राप्त हुन आएकाले सोही प्रस्तावलाई हुबहू सभामा निर्णयार्थ पेश गरिएको छ ।

**अध्यक्ष महोदय,**

प्रस्तावित योजना तथा कार्यक्रमहरूको सफलता यिनीहरूको प्रभावकारी कार्यान्वयमा भर पर्दछ । तसर्थ, प्रस्तावित योजना तथा कार्यक्रमहरूको प्रभावकारी तथा व्यवस्थित कार्यान्वयनमा यस नगरपालिका अन्तर्गतका सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, स्थानीय वुद्दिजिवी, नगरपालिकाबासी सम्पूर्ण दाजुभाइ दिदीबहीनीहरूको उल्लेख्य सहयोग रहने छ भन्ने अपेक्षा लिएको छु ।

**अन्त्यमा,**

बजेट तर्जूमाको दौरान अमूल्य सहयोग प्रदान गर्नुहुने सम्पूर्ण टोलबस्तीबासी जनताहरू, वडा समितिका अध्यक्ष लगायत सदस्य ज्यूहरु, विभिन्न समितिहरूका सदस्य ज्यूहरू, विषयक्षेत्रगत समूहका सदस्यज्यूहरू, नगर कार्यपालिकाका सबै सदस्य ज्यूहरू लगायत महत्त्वपूर्ण मार्गदर्शनका लागि श्रदय नगरपालिका  प्रमुख ज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

साथै, बजेट तर्जूमाको दौरान प्राविधिक तथा अन्य व्यवस्थापकीय सहयोग पु-याउनुहुने नगर कार्यपालिका तथा वडा कार्यालयका कर्मचारीहरूलाई धन्यवाद  दिदै सामाजिक दुरी कायम गरि कोरोना कहर बाट  बचौं र बचाऊ भन्दै बिदा हुन चाहन्छु ।

## धन्यवाद ।